## बैठक संख्याः ३, मितिः २०८१ असोज १६

## निर्णयहरु

**प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकमा निर्णय भएका विषयहरुको समिक्षा ।**

**निर्णयः** अघिल्लो कार्यपालिका बैठकमा निर्णय भएका विषयहरुको समिक्षा गरियो ।

**प्रस्ताव नं. २ : बाढी पहिरोबाट भएको क्षतिको लगत सङ्कलन सम्बन्धमा।**

**निर्णयः** मिति २०८१ असोज ११ देखि १३ गते सम्म भएको अविरल वर्षाका कारण यस गल्छी गाउँपालिकाका वडाहरुमा बाढी पहिरो लगायतका विभिन्न विपद्हरुले पुर्याएको क्षतिको लगत सङ्कलन गर्न वडा कार्यालयहरु तथा प्रहरी चौकीको सक्रियतामा यथाशिघ्र सङ्कलन गरि जिल्ला प्रशासन कार्यालय, धादिङ तथा सम्बन्धीत निकायहरुलाई पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. ३ : बाल उद्यान सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिका वडा नं ६ को अम्लेश्वर महादेव मन्दिर परिसरमा बाल उद्यान बनाउने निर्णय गरियो।

**प्रस्ताव नं. ४ : प्रारम्भिक बालविकास मापदण्ड सम्बन्धमा।**

**निर्णयः** शिक्षा मन्त्रालय शिक्षा विभाग, सानोठिमी, भक्तपुरको प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्युनतम् मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ लाई मान्यता दिइ गल्छी गाउँपालिका भित्रका विद्यालयहरुमा कार्यान्वयन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५ : बालमैत्री स्थानीय शासन दिगोपनका लागि रणनीतिक योजना सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाको बालमैत्री स्थानीय शासन समितिको मिति २०८१ भाद्र १५ गतेको बैठकमा आठ वटै वडाबाट प्राप्त बालमैत्री स्थानीय शासनको दिगोपनको आवश्यक योजना तथा गाउँपालिका स्तरको योजना समेत समावेश भएको आ.व. २०८१/०८२ देखि २०८५/०८६ सम्मको रणनीतिक योजना अनुमोदनका लागि कार्यपालिकाको बैठकमा पेश गरिएको निर्णय अनुमोदन गरियो।

## बैठक संख्याः ३, मितिः २०८१ असोज १६

## निर्णयहरु

**प्रस्ताव नं. ६ः आर्थिक सहयोग सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाका तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिमको आर्थिक सहायता शिर्षक उद्दार, राहत तथा पुनर्स्थापना खर्चबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपसिलः**

| क.सं. | निवेदकको नाम | वडा नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री खड्ग बहादुर मगर | १ | उपचार खर्च | १५,००० | |
| २ | भिम प्रसाद खतिवडा | २ | प्यारालाइसिस बिरामी | २०,००० | |
| ३ | अभिसेक अधिकारी | ५ | हात भाचिएको | २५,००० | |
| ४ | पवन लामा | ६ | प्यारालाइसिस बिरामी | २५,००० | |
| ५ | शान्तमाया परियार | ७ | पाठेघरमा समस्या विरामी | २०,००० | |
| ६ | विर बहादुर थिङ तामाङ | ७ | क्यान्सर बिरामी | ३०,००० | |